# वर्तमान सरकारको पहिलो ६ महिनाको प्रमुख उपलब्धि
## (अवधि: २०८२ चैत्र १३ देखि २०८३ असोज १२ सम्म)
## सारांश

### १. नीतिगत, कानुनी तथा शासकीय सुधार

- मन्त्रालयको पुनर्संरचना तथा चुस्त प्रशासन:
  - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ स्वीकृत गरी मन्त्रालयहरूको सङ्ख्या २२ बाट घटाएर १८ मा झारिएको छ।
  - अनुत्पादक र दोहोरो कार्यक्षेत्र भएका बोर्ड, समिति तथा आयोजनाहरूको खारेजी तथा पुनर्संरचनाका लागि विस्तृत O&M Survey सम्पन्न गरी कार्यान्वयनमा ल्याइएको छ।
- नीतिगत तथा कानुनी सुधार:
  - आर्थिक वर्ष २०८३/०८४ को सरकारको नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरीएको छ।
  - राष्ट्रिय सदाचार नीति, २०८३ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।
  - आ.व. २०८३/८४ लाई 'कानून निर्माण तथा सुधार वर्ष' घोषणा गरी उच्चस्तरीय कानुन सुधार समिति गठन गरिएको छ।
  - राष्ट्रिय कृषि नीति २०८३ तथा एकीकृत राष्ट्रिय यातायात नीति २०८३ स्वीकृत भएका छन्।
  - सार्वजनिक खरिद ऐन (दोस्रो संशोधन) तथा नियमावली (१५औँ र १६औँ संशोधन) जारी गरी कार्यान्वयनमा ल्याइएको छ।
  - अर्थ विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र वैकल्पिक विकास वित्त परिचालन विधेयक संसद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेकका छन।
- सदाचार, अनुगमन र शून्य फाइल अभियान:
  - कार्यप्रक्रिया पुनर्संरचना (BPR) मार्गदर्शन, २०८३ र संस्थागतस्मृति सञ्चालन तथा हस्तान्तरण ढाँचा, २०८३ स्वीकृत गरिएको छ।
  - सबै सरकारी कार्यालयमा "शून्य बाँकी फाइल सप्ताह" र सरसफाई सप्ताह सञ्चालन गरिएको छ।

- शासकीय सुधारका १०० बुँदे कार्यसूचीको कार्यान्वय, नियमित अनुगमनका साथै सचिवहरूसँग कार्यसम्पादन सम्झौता (KPIs) गरिएको छ।
- सम्पत्ति छानबिन तथा बेथिति नियन्त्रण:
  - सरकारी तथा सार्वजनिक जग्गा छानविन आयोग (रावल आयोग, २०५२) को प्रतिवेदन कार्यान्वयनमा ल्याइएको छ।
  - सहकारीमा भएको बेथितिसम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदन सार्वजनिक गरी सिफारिसहरू कार्यान्वयनमा लगिएको छ।

## २. सार्वजनिक सेवा प्रवाह तथा डिजिटल रूपान्तरण

- सुगम एवं एकीकृत डिजिटल सेवा:
  - राहदानी र नागरिकता: राहदानी नियमावली संशोधन गरी जुनसुकै जिल्लाबाट नागरिकता वा राहदानी सेवा लिन सकिने व्यवस्था गरिएको छ। राहदानी हुलाकबाट (Government Courier Service) घरमै पुऱ्याउने सेवा ७५ जिल्लामा विस्तार गरिएको छ।
  - एकीकृत डाटा प्रणाली: जन्मदर्ता (VersPMIS), नागरिकता (CCIMS/CIMS) र राष्ट्रिय परिचयपत्र (NIDMIS) प्रणालीहरूबीच अटो-फिल (Auto Fill) हुने गरी अन्तर-आवद्धता कायम गरिएको छ।
  - कन्सुलर र श्रम सेवा: विदेशमा रहेका नेपालीका लागि "मोफा मित्र" एप र Nepal e-Attestation System (NEATS) सञ्चालन गरिएको छ। वैदेशिक रोजगारीको श्रम स्वीकृति पूर्ण स्वचालित बनाइएको छ।
  - नागरिक सेवा र प्रहरी रिपोर्ट: डिजिटल नागरिक बडापत्र, 'हेलो गृह', 'हेल्लो पूर्वाधार' तथा २४ घण्टे कल सेन्टरहरू सञ्चालनमा ल्याइएको छ। प्रहरी प्रतिवेदन नागरिक एपबाटै पाउन सकिने व्यवस्था मिलाइएको छ।
  - e-Pension: सेवानिवृत्त कर्मचारीहरूका लागि घरबाटै पेन्सन भेरिफिकेसन गर्ने e-Pension प्रणाली सञ्चालनमा ल्याइएको छ।

- शिक्षा, परीक्षा तथा परामर्श:
    - विश्वविद्यालय तथा शिक्षक सेवा आयोगका पदाधिकारी नियुक्तिमा पूर्ण प्रतिस्पर्धा र योग्यता प्रणाली (Meritocracy) लागू गरिएको छ।
    - SEE को नतिजा १ महिनाभित्र र कक्षा १२ को नतिजा ४० दिनभित्र प्रकाशन गरिएको छ।
    - NOC अनलाइन प्रणाली र विश्वविद्यालयहरूबीच अन्तर-आवद्धता कायम गरिएको छ।
    - कक्षा ४-५ मा आवधिक परीक्षाको त्रास हटाउन निरन्तर मूल्याङ्कन मार्गनिर्देशन लागू गरिएको छ।
- स्वास्थ्य र खाद्य स्वच्छता:
    - स्वास्थ्य बीमामा थप ३ लाख १८ हजार नागरिक आवद्ध भई कुल सङ्ख्या १ करोड ७ लाख पुगेको छ।
    - आयातित फलफूल तथा तरकारीका २७,२३८ नमुनामा विषादी अवशेष (RBPR) परीक्षण गरिएको छ।
    - अस्पतालहरूमा Surgical Backlog ५० प्रतिशतले घटाइएको र सुलभ फार्मेसी सेवा सञ्चालन गरिएको छ।

**३. शान्ति सुरक्षा तथा सुशासन**

- लागूऔधषध नियन्त्रण: बढ्दो लागूऔषध कारोबार तथा दुरुपयोग नियन्त्रणका लागि छुट्टै लागूऔषध नियन्त्रण विभाग स्थापना गरिएको छ।
- बिचौलिया नियन्त्रण र अनुगमन: ५४० जना बिचौलियालाई नियन्त्रणमा लिई १७० जनामाथि मुद्दा दर्ता गरिएको छ। राष्ट्रिय सतर्कता केन्द्रमार्फत ३२ जिल्लाका १,११७ कार्यालयको अनुगमन गरी १०,६२१ कर्मचारीलाई कारबाहीका लागि सिफारिस गरिएको छ।
- सार्वजनिक जग्गा संरक्षण: सार्वजनिक जग्गा अतिक्रमण विरुद्ध अभियान सञ्चालन गरी काठमाडौँ उपत्यकामा ३,४५७ र देशभर गरी कुल ४,२२६ वटा अवैध घरटहरा हटाइएको छ।

- औद्योगिक तथा व्यावसायिक सुरक्षा: औद्योगिक तथा बैंकिङ क्षेत्रको सुरक्षाका लागि द्रुत प्रतिकार्य संयन्त्र (RRT) र जिल्ला औद्योगिक सुरक्षा समन्वय समिति गठन गरिएको छ। मुख्य बजार तथा राजमार्गमा ७,६६९ वटा CCTV जडान गरिएको छ।
- अवैध गतिविधि नियन्त्रण: २६ वटा सट्टेबाजी एप र ३,०५,६६३ भन्दा बढी सट्टेबाजी डोमेन लिङ्कहरू बन्द गराइएको छ।

## ४. विपद् व्यवस्थापन तथा प्रतिकार्य

- भोटेकोशी तथा रसुवा बाढी प्रतिकार्य:
  - भोटेकोशी बाढी पश्चात् २०,००० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरी तत्काल उद्धार तथा राहत प्रदान गरिएको छ।
  - रसुवा, नुवाकोट र धादिङका अबरुद्ध विद्युत सेवा तत्काल पुनर्स्थापना गरिएको छ।
  - प्रभावित क्षेत्रमा १६,५९१ जनालाई हैजा विरुद्ध र १,३०२ जनालाई टिटानास विरुद्ध खोप प्रदान गरिएको छ।
  - क्षतिग्रस्त सडक सुचारु गर्न तादीमा बेलीब्रिज निर्माण सम्पन्न गरिएको छ भने वेत्रावतीमा निर्माणाधीन अवस्थामा छ।
  - तुइन/वैकल्पिक झोलुङ्गे पुलहरू निर्माण गरी स्थानीयको आवागमन सहज बनाइएको छ।
  - बाढी प्रभावित व्यवसायका लागि "बिजनेस रिकभरी प्याकेज" घोषणा गरी राहत एवं कर छुट प्रदान गरिएको छ।
- विपद्पछिको आवश्यकता मूल्याङ्कन (PDNA): रसुवागढी र भोटेकोशी बाढीको विस्तृत हानी-नोक्सानी मूल्याङ्कन गरी पुनर्निर्माण योजनासहितको PDNA प्रतिवेदन तयार हुने क्रममा रहेको छ।

## ५. आर्थिक सुधार, व्यापार तथा लगानी

- आर्थिक सुधार तथा वित्तीय सुशासन:
  - नेपालको वर्तमान आर्थिक स्थितिपत्र सार्वजनिक गरिएको र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसमा १५ वटा पुराना ऐन खारेजी प्रक्रिया अघि बढाइएको छ।

- FATF 'ग्रे-लिष्ट' सुधार: FATF को मूल्याङ्कनमा ३ वटा कार्य पूर्ण र ४ वटामा आंशिक प्रगति हासिल भई स्तरोन्नति भएको छ। शीघ्र ग्रे-लिष्टबाट बाहिरिने रणनीति कार्यान्वयन भइरहेको छ।
- पुँजी बजार: २१ बुँदे पुँजी बजार सुधार कार्ययोजना, २०८३ कार्यान्वयनमा ल्याइएको छ।
- सार्वजनिक संस्थान सुधार: रुग्ण सार्वजनिक संस्थानहरू (उदयपुर सिमेन्ट, गोरखकाली रबर, हेटौंडा सिमेन्ट आदि) को Due Diligence Audit (DDA) सम्पन्न गरिएको छ।

- करदाता सुविधा तथा आयात सहजता:
  - १२० स्थानीय तह र कम्पनी रजिष्ट्रार कार्यालयबाट स्थायी लेखा नम्बर (PAN) सहितको करदाता सेवा सुरु गरिएको छ।
  - विश्व बजारमा मूल्यवृद्धिका कारण पेट्रोलियम पदार्थको पैठारीमा लाग्ने भन्सार महसुल र पूर्वाधार शुल्कमा ५०% छुट दिइएको छ।
- उद्योग, आपूर्ति तथा लगानी:
  - चाडपर्व लक्षित सुपथ मूल्य पसल ४२ जिल्लाका ६१ स्थानमा सञ्चालन गरिएको छ।
  - लगानी बोर्डमा एकद्वार स्वीकृति प्रणाली (One Stop Service Centre) सञ्चालनमा ल्याइएको छ।
  - खानी उत्खनन तथा खोजतलासका लागि १०६ वटा नयाँ अनुमतिपत्र जारी गरिएको छ।

## ६. पूर्वाधार, ऊर्जा तथा कृषि विकास

- यातायात तथा भवन पूर्वाधार:
  - नागढुंगा सुरुङमार्ग परीक्षणका रूपमा सञ्चालनमा ल्याइएको छ।
  - काठमाडौँ-तराई/मधेश द्रुतमार्गको ५०.०२% भौतिक प्रगति हासिल भएको छ भने महादेवटार सुरुङमार्गको ब्रेकथ्रू (Breakthrough) सम्पन्न भएको छ।
  - ग्रामीण काठमाडौँ तथा दुर्गम क्षेत्रमा ३५.१६ कि.मी. ग्रामीण बाटो कालोपत्रे, १५ वटा सडक पुल र ४९ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरिएको छ।

- आन्दोलनमा क्षति पुगेका १३३ वटा सरकारी भवनहरूको मर्मत तथा प्रबलीकरण सम्पन्न गरिएको छ।

- ऊर्जा, जलस्रोत तथा सिँचाइ:
    - कुल विद्युत जडित क्षमता ४,२५८ मेगावाट पुगेको छ (यो अवधिमा १६१ मे.वा. थप भएको)।
    - चालु आ.व. मा १,१९६ गिगावाट घण्टा विद्युत निर्यात गरी रु. १० अर्ब बराबरको विदेशी मुद्रा आर्जन गरिएको छ।
    - २,९४८ हेक्टर थप जमिनमा सिँचाइ सुविधा विस्तार गरिएको छ।
- कृषि तथा वन क्षेत्र:
    - उखु उत्पादक ६५,६०० कृषकहरूलाई रु. २ अर्ब १७ करोडभन्दा बढी प्रोत्साहन अनुदान वितरण गरिएको छ।
    - बाली तथा पशुधन बीमा प्रिमियममा रु. १ अर्ब २४ करोड अनुदान उपलब्ध गराइएको छ।
    - २ लाख ५८ हजार मे.टन रासायनिक मल बिक्री वितरण गरिएको छ।
    - २६ लाख ७७ हजारभन्दा बढी किसानहरू सूचीकरण प्रणालीमा दर्ता भएका छन्।
    - कार्बन व्यापारमार्फत विश्व बैंकबाट ९.४ मिलियन अमेरिकी डलर (रु. १ अर्ब ३४ करोड) वन विकास कोषमा प्राप्त भएको छ।

### ७. समावेशीता, सामाजिक सुरक्षा

- समावेशीता तथा लक्षित वर्गको कल्याण:
    - दलित समुदायको पहिचान: दलित आयोगको सिफारिसमा दलित समुदायले प्रयोग गर्ने १,४०१ वटा थरहरूको आधिकारिक सूचीकरण स्वीकृत गरिएको छ।
    - बालबालिका संरक्षण: हराएका ४,४५६ बालबालिकाको फेला पारी परिवारसँग पुनर्मिलन गराइएको छ भने सडक, हिंसा तथा जोखिममा परेका ८२७ बालबालिकाको उद्धार र पुनर्स्थापना गरिएको छ।

- सामाजिक सुरक्षा: सामाजिक सुरक्षा कोषमा थप २,६३,७१४ श्रमिकहरू आवद्ध भई रु. २.२ अर्ब योगदान सङ्कलन भएको छ।
- मातृ तथा शिशु सुरक्षा: दुर्गम क्षेत्रका ४९ जना ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको निःशुल्क हवाई उद्धार गरिएको छ।
- भूमिहीन सुकुम्बासी: ७७५ जना भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा (पुर्जा) वितरण गरिएको छ।
- शहीद तथा घाइते परिवारलाई राहत: जेन-जी आन्दोलनका घाइते तथा शहीद परिवारलाई निःशुल्क शिक्षा र स्वरोजगारका लागि सवारी साधन आयातमा सहुलियत छुट दिइएको छ।

**८. परराष्ट्र सम्बन्ध तथा कूटनीति र संयुक्त राष्ट्रसङ्घको महासभामा नेपालको बलियो उपस्थिति :**

- संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा उच्चस्तरीय प्रतिनिधिमण्डलको सहभागिता रहेको छ। संयुक्त राष्ट्रसङ्घको महासभामा सम्मानिनीय प्रधानमन्त्री बालेन्द्र शाहले विश्वव्यापी जलवायु परिवर्तनका कारण न्यूनतम उत्सर्जन गरेर पनि नेपालले व्यहोर्नुपरेको ठूलो क्षति र संकटबारे जोडदार आवाज उठाउनुभयो। उहाँले युद्धका लागि स्रोत र प्रविधि समयमै पुग्ने तर गरिब देशका किसानले समयमा मल, इन्धन र खाद्यवस्तु नपाउने भन्दै विद्यमान अन्तर्राष्ट्रिय प्रणाली र 'विश्व व्यवस्था' माथि प्रश्न गर्नुभयो। हिमाली क्षेत्रका जोखिम सम्बोधन गर्न नेपाल, भारत र चीनको सहकार्यमा भूउपग्रह डाटा, पूर्वसूचना प्रणाली र विपद् व्यवस्थापन समेट्ने गरी 'हिमालयन क्लाइमेट रिसिलियन्स मेकानिजम को प्रस्ताव अघि सार्नुभयो। जलवायु न्याय केवल सहयोग रकम मात्र नभई दायित्व र अधिकारको विषय हुनुपर्ने भन्दै उहाँले धनी देशहरूलाई साना राष्ट्रमाथि थप ऋणको भार नबोकाई क्षतिपूर्ति दिन आह्वान गर्नुभयो। बहुपक्षीय मञ्चहरूमा साना र विकासोन्मुख देशहरूको आवाजलाई प्राथमिकता दिँदै भूगोल र सैन्य शक्तिभन्दा माथि उठेर मानवीय कल्याणका लागि विश्व समुदाय एकजुट हुनुपर्ने सन्देश दिनुभयो।
- थप ५ मुलुकहरू (गिनी-बिसाउ, माइक्रोनेसिया, ग्रेनाडा, नामिबिया, सेनेगल) सँग कूटनीतिक सम्बन्ध स्थापना भई कूटनीतिक सम्बन्ध भएका मुलुकहरूको सङ्ख्या १८८ पुगेको छ।

- पारदर्शी राजदूत नियुक्ति: नेपालको इतिहासमै पहिलोपटक खुला प्रतिस्पर्धाबाट राजदूत नियुक्तिका लागि आवेदन आह्वान गरी १३ जनाको सिफारिस गरिएको छ।
- विदेशमा समस्यामा परेका करिब २,००० नेपाली नागरिकहरूको उद्धार गरिएको छ।

****